बुङ्गल नगरपालिका

# नगर कार्यपालिकाको कार्यालय

खिरातडी बझाङ्ग

सुदुरपश्चिम प्रदेश नेपाल

प.स ७७/०७८

च.नं.

मितिः २०७७/०६/०५

## प्रेस विज्ञप्ति

मिति २०७७।०६।४ गते रातिको समयमा यस बुङ्गल नगरपालिका वडा नं. १ मा रहेको महेन्द्र मा.वि.नजिकै दह भन्ने ठाउमा कलंगा हाइडो पावर प्रा.लि.को जे.सि.भि. दुर्घटना भएको र महेन्द्र मा.वि.ज्यावनमा प्रा.वि.तह तृर्तिय श्रेणिमा कार्यरत शिक्षक मान बहादुर धामीको मृत्यू भएको र बाकी चालक सहित ४ जना व्यक्तिहरु घाईते भई अस्पतालमा उपचार गरि रहनु भएको व्यहोरा सबै लाई जानकारी गराईन्छ। साथै उक्त घट्नामा मृत्यू हुने प्रति हार्दिक समवेदना तथा घाईते प्रति शिघ्र स्वास्थ्य लाभको कामना ब्यक्त गर्दछु। उक्त जे.सि.भि. नगर प्रमुखले माग गरेको कुरा झुटा भएको र कहाँ कसले माग गरेको हो सो कुराको जानकारी नभएको हुँदा उक्त घट्नालाई सञ्चार माध्यमवाट यथार्थ तथ्यहिन भ्रमक समाचार संप्रषित भएको बिषयमा यस कार्यालयको ध्यानाकर्षण भएको छ । उक्त घट्नाको यथार्त कुरा पत्ता लगाई समाचार वा सञ्चार माध्यमवाट प्रशारण गर्नु पर्नेमा व्यक्ति बिशेषलाई बिभिन्न किसिमले बदनाम हुने कार्य गरेको देखिएकोले उक्त घट्नाको अनावश्यक टिका टिप्पणि र मिडियावाजि समाचार सम्प्रेषण भई रहेको र अनावश्यक कुरामा नगर प्रमुखको नाम समेत जोडेर चरित्र हत्या गर्ने जस्ता प्रयास भई रहेकोले उक्त घट्नाको यथार्थता नबुझि समाचार प्रशारण भएकोले उक्त समाचार प्रति खेद प्रकट गर्दछु।

धन बहादुर बिष्ट

नगर प्रमुख

धन बहादुर बिष्ट

नगर प्रमुख